२०६६ साल असार १७ गते रोज ४ का दिन १५.३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक, २०६६ संविधानसभामा प्रस्तुत गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।२३-०६६।३।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको अध्यक्षमा मा. ऊर्जा मन्त्रीलाई मनोनयन गर्ने विषयको ऊर्जा मन्त्रालयको नं. २क।१-०६६।३।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. विद्युत (तेस्रो संशोधन) नियमावली, २०६६ स्वीकृत गर्ने विषयको ऊर्जा मन्त्रालयको नं. २क।२-०६६।३।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. बेलायत सरकारले प्रदान गर्ने Honorary Member of the British Empire विभूषण ग्रहण गर्न स्वीकृति प्रदान (नेपाली नागरिक Sgt. Major हरिलाल पुनलाई) गर्ने विषयको गृह मन्त्रालयको नं. ६।२२-०६६।३।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. विश्वविद्यालयलाई निःशुल्क भिसा कोटा उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ६।२८-०६६।३।१२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. जग्गा परस्पर सट्टापट्टा गर्ने विषयको गृह मन्त्रालयको नं. ६।३०-०६६।३।१२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. गुठी संस्थानको प्रशासक पदमा नियुक्ति (श्री वीरेन्द्र थपलियालाई) गर्ने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।५-०६६।३।१५ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायबमोजिम गर्ने -

   (क) गुठी संस्थानको प्रशासक श्री हरिप्रसाद शर्मालाई अवकाश दिने ।

   (ख) रिक्त हुन आउने प्रशासक पदमा काठमाडौं जिल्ला, तीनथाना-५ निवासी श्री वीरेन्द्र थपलियालाई वढीमा दुई वर्षका लागि नियुक्ति गर्ने ।

८. गुठी संस्थानको अध्यक्ष पदमा नियुक्ति (श्री नारायणप्रसाद (एन्.पी) आचार्यलाई) गर्ने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।७-०६६।३।१५ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायबमोजिम गर्ने -

   (क) गुठी संस्थान सञ्चालक समितिको अध्यक्ष श्री अरविन्दकुमार लाललाई अवकाश दिने ।

   (ख) रिक्त हुन आउने सञ्चालक समितिको अध्यक्ष पदमा मोरङ जिल्ला, विराटनगर-४ निवासी श्री नारायणप्रसाद (एन्.पी) आचार्यलाई वढीमा दुई वर्षका लागि नियुक्ति गर्ने ।

९. व्यापारको लागि सहायता (Aid for Trade) र EIF Focal Points को बैठकमा भाग लिने (सचिवले) विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३क।५-०६६।३।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. नेपाल सरकार र दक्षिण कोरियाबीच श्रम समझदारी नवीकरण गर्ने विषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७।५-०६६।३।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. नेपाल टेलिभिजनको कार्यकारी अध्यक्षमा कुन्दन अर्याललाई नियुक्ति गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।७-०६६।३।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. गोरखापत्र संस्थानको कार्यकारी अध्यक्षमा समेत नियुक्ति गरेको समर्थन गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।८-०६६।३।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. राष्ट्रिय समाचार समितिको अध्यक्ष पदमा बालकृष्ण चापागाईलाई नियुक्ति गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।९-०६६।३।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. चलचित्र विकास बोर्डको अध्यक्ष पदमा अमरराज गिरीलाईनियुक्ति गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।१०-०६६।३।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. वञ्चरेडाँडा दीर्घकालीन स्यानिटरी ल्याण्डफिल साइटका लागि जग्गा प्राप्त गर्ने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।७-०६६।३।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. विभिन्न मन्त्रालयको स्वामित्वमा सिंहदरवार परिसर भित्र रहेको प्रयोगमा आउन नसक्ने सवारी साधनहरू सिंहदरवार पुनःनिर्माण आयोजनालाई हस्तान्तरण गर्ने । सिंहदरवार परिसर भित्र सर-सफाई गर्ने जिम्मेवारी सिंहदरवार पुनःनिर्माण आयोजनालाई तोक्ने ।